घ स्थानीय तह, प्रदेश र संघसंगका सम्बन्ध र समन्वय तथा वडासंगको समन्वय सम्बन्धी

१ संघ तथा प्रदेश तहमा संविधान तथा कानुन बमोजिमका सहभागिता तथा प्रतिनिधित्व,

२ जिल्ला समन्वय समितिसंगको समन्वय,

३ वडा तहसंगको सम्पर्क र समन्वय,

४ पत्राचार, सभा, समारोह, शिष्टाचार ।

ङ बैठक व्यवस्थापन सम्बन्धी

१ कार्यपालिका तथा सभाको बैठक व्यवस्थापन,

२ कार्यपालिकाको निर्णयहरुको विद्युतीय माध्यमबाट अभिलेखीकरण तथा प्रकाशन,

३ कार्यपालिकाका विभिन्न समिति, उपसमिति, कार्यदलको बैठक व्यवस्थापन,

४ कार्यपालिकाको निर्णयहरुको विद्युतिय माध्यमबाट अभिलेखीकरण तथा प्रकाशन,

५ कार्यपालिकाका विभिन्न समिति, उपसमिति, कार्यदलको बैठक व्यवस्थापन ।

च कर्मचारीहरुको अभिलेख तथा व्यवस्थापन सम्बन्धी

१ कर्मचारीहरुको हाजिर गर्ने व्यवस्था तथा प्रत्येक महिनामा हाजिरी विवरण आर्थिक प्रशासन शाखामा पठाउने तथा विदा रेकर्ड व्यवस्थापन,

२ आ.व. समाप्त भएको मितिले ७ दिन भित्र कर्मचारीहरुको कार्य सम्पादन प्रतिवेदन प्राप्त गर्ने, कार्य सम्पादनको मूल्यांकनको व्यवस्थापन,

३ कार्यबोझको आधारमा जनशक्ति वितरणको व्यवस्थापन,

४ कर्मचारीहरुको काजको व्यवस्थापन,

५ कर्मचारी वढुवा र अनिवार्य अवकाश सम्बन्धी कारवाहीको व्यवस्थापन,

६ नगरपालिकामा कार्यरत तथा नयाँ नियुक्त समेत सबै कर्मचारीहरुको विवरण प्रष्ट हुने गरी आवश्यक प्रमाण तथा कागजातहरु (सरुवा, बढुवा, काज, तालीमको प्रमाण पत्र, कार्य सम्पन्न प्रतिवेदन÷मूल्यांकन आदिको सक्कल वा नक्कल) सिलसिलेवार ढंगबाट राखी व्यक्तिगत फाईलको व्यवस्थापन,

७ बरबुझारथको रेकर्ड व्यवस्थापन ।

छ विदा, उत्सव, उर्दी, जात्रा, पर्व, उपाधी, विभुषण सम्बन्धी

१ नगरपालिकामा हुने सभा समारोह, परम्परा तथा जात्रा चाडपर्वको व्यवस्थापनमा सहयोग,

२ स्थानीय चाडपर्व, सार्वजनिक विदा, उत्सव, जात्रा, उर्दी आदिको व्यवस्थापन,

३ उपाधी तथा विभुषण सम्बन्धीसिफारिश, अभिलेख ।

१.१.१ सार्वजनिक सम्पत्ती व्यवस्थापन इकाई

यस इकाईले प्रशासन उपशाखाप्रति उत्तरदायी भई देहायका कार्यहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्नु÷गराउनु पर्नेछ ः

क सम्पत्ती विवरण र अभिलेख सम्बन्धी

१ अचल सम्पत्ती परिचालन सम्बन्धी कानुन, कार्यविधि र मापदण्ड तयारी,

२ नगरपालिका क्षेत्र भित्रको अचल सम्पत्ती (जग्गा, भवन, मठ मन्दिर, पाटी पौवा, पोखरी) पहिचान गरी अभिलेख तयारी,

३ पूर्वाधार विकास शाखासँग समन्वय गरी पूँजिगत सम्पत्ती भवन, गाडी, मेशिन र औजारको अद्यावधिक अभिलेख तयारी र परिचालन,

४ गाडी तथा मेशिन संचालनका लागि कार्यविधि लगायत लगबुक तयार गरी अभिलेख अद्यावधिकरण ।

ख जिन्सी व्यवस्थापन सम्बन्धी

१ सम्पत्ती र जिन्सी अभिलेख अद्यावद्यीकरण,

२ नियमानुसार कागज धुल्याउने कार्य,

३ मर्मत संभार व्यवस्थापन,

४ नियमानुसार सामान लिलाम र मिन्हा सम्वन्धिको कार्य,

५ आवश्यकता टेण्डर लगायतको कार्य,

६ कार्यालयको जिन्सीसम्बन्धीसम्पूर्ण कार्य गर्ने ।

ग खरिद योजना र खरिद व्यवस्थापन र आपुर्ति सम्बन्धी

१ वस्तु तथा सेवाको सप्लायर्सको सुचि दर्ता,

२ खेरजाने सरसामानको खरिद योजना बनाई खरिद, दाखिला र वितरणको व्यवस्था,

३ जिन्सिको खरिद, बासलात, अद्यावधिक अभिलेख तयारी,

४ सम्पत्ती र जिन्सीको अनुगमन गरी आवधिक प्रतिवेदन तयारी र पेश,

५ मागको आधारमा कार्यालयलाई आवश्यक पर्ने सामान खरिद र माग आपुर्ति गर्ने ।

१.१.२ दर्ता चलानी तथा नागरिक सहायता इकाई

यस इकाईले उपशाखा प्रति उत्तरदायी भई देहायका कार्यहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्नु÷गराउनु पर्नेछ ः

१ प्रथम सूचना दर्ताको र सोको कार्यान्वयनका लागि आवश्यक व्यवस्था,

२ कार्यालयको र पदाधिकारीहरुको छाप सुरक्षित साथ प्रयोगको आवश्यक व्यवस्था,

३ कार्यपालिकाको कार्यालयमा प्राप्त हुने पत्र दर्ता गरी सम्बन्धित पदाधिकारी, शाखा, उपशाखा, इकाई तथा केन्द्रमा बुझाई सो को रेकर्ड कायम,

४ कार्यपालिकाको कार्यालयबाट प्रेषित हुने तथा प्राप्त हुने पत्रको आ.व.अनुसारको रेकर्ड कायम,

५ शाखा प्रमुखले तोकेका अन्य कार्यहरु,

६ जनसम्पर्कको लागि सोधपुछ काउण्टर तथा दर्ता चलानी इकाई प्रभावकारी रुपमा संचालनको व्यवस्था,

७ नगरपालिकामा आउने सबै आगन्तुकहरुलाई विनम्र र सदाचार व्यवहार तथा जिज्ञासा समाधानका लागि सम्बन्धित व्यक्ति तथा शाखा ÷उपशाखासंग समन्वयको व्यवस्था,

८ नगरपालिकामा आउने जनतालाई आवश्यकता अनुसार नगरपालिका सम्बन्धी समान्य जानकारी प्रदान,

९ नगरपालिकामा विभिन्न कामले आउने नगरवासीहरुलाई न.पा.का विभिन्न काम तथा प्रकृया बारे जानकारी प्रदान,

१० नगरवासीहरुबाट प्राप्त सिकायत तथा सुझावहरुको टिपोट तथा सो टिपोटलाई प्रमाणित गराई र आवश्यक कार्यार्थ शाखा प्रमुख मार्फत प्रमुख प्रशासकिय अधिकृत समक्ष पेश,

११ नागरिकको सहयोगको लागि पिउने पानी, शौचालय तथा विश्राम कक्षको व्यवस्था,

१२ अशक्त, अपांगता भएका व्यक्ति, जेष्ठ नागरिकलाई सहज ढंगबाट सेवा प्रवाहको व्यवस्थापन ।

१.१.३ नगर प्रहरी बल इकाई

यस इकाईले प्रशासन उपशाखाप्रति उत्तरदायी भई देहायका कार्यहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्नु÷गराउनु पर्नेछ ः

१ नगरपालिकाको नीति, नियम, निर्देशिका, कार्यविधि, मापदण्ड तथा निर्णयको कार्यान्वयन,

२ नगरपालिकाका नाममा रहको चल अचल सम्पत्तिको सुरक्षा र संरक्षण,

३ स्थानीयस्तरमा हुने सभा समारोह, परम्परा तथा जात्रा चाडपर्वमा आवश्यक सुरक्षा प्रवन्ध,

४ नगर सफाई सम्बन्धी मापदण्ड कार्यान्वयनका लागि आवश्यक सम्पूर्ण कार्य,

५ न्यायिक समितिल गरेका मिलापत्र तथा निर्णयको कार्यान्वयन व्यवस्था,

६ नगरपालिका क्षेत्र भित्रका सार्वजनिक सम्पत्ति सजस्तै बाटो, ढल, पाटी, पौवा, मठ, मन्दिर, पेटी, चउर आदिको हानी नोक्सानी÷अतिक्रमण हुन नदिन नियमित रुपमा रेखदेख गर्ने र अतिक्रमण ÷हानी नोक्सानी गरेको भेटिएमा सो वारे आफ्नो सुझाव सहितको प्रतिवेदन उपशाखा प्रमुख मार्फत शाखा प्रमुख समक्ष पेश,

७ सार्वजनिक आवागमनमा बाधा पुर्याउने गरी थुपारेका निर्माण सामग्रीहरु हटाउने व्यवस्था एवं अटेर गरेमा सोको बारेमा कार्यालयलाई प्रतिवेदन बुझाउने,

८ घर बहाल कर तथा हाट बजार सेवा शुल्क उठाउने कार्यमा आवश्यक सहयोग,

९ बजार क्षेत्र भित्र नगरपालिकाद्धारा निर्धारित अन्य कर, शुल्क, दस्तुर, दण्ड जरिवाना राजश्व उपशाखा प्रमुखको निर्देशनमा उठाउने तथा सोको रेकर्ड राख्ने र उक्त रकम यथासिघ्र छिटो राजश्व उपशाखामा दाखिला ,

१० ईजाजत वेगर पेशा व्यवसाय गरेको तथा विज्ञापन गरेको भेटिएमा आवश्यक कार्यवाहीका लागि प्रतिवेदन सहित सम्वन्धित उपशाखा प्रमुख समक्ष पेश,

११ छाडा चौपायाहरुलाई कान्जी हाउस पुर्याउने व्यवस्था,

१२ कार्यालयको अत्यन्त जरुरी पत्र बुझाउने काममा सहयोग,

१३ कानुनद्धारा निषेधित खाद्य तथा पेय पदार्थ (जस्तैः सडे गलेका, वासी आदि) विक्रि गरेको फेला परेमा आवश्यक कारवाहीका लागि सम्बन्धित व्यक्तिहरुलाई कार्यालयमा उपस्थितिको व्यवस्था,

१४ कानुनले मनाही गरेका जीवजन्तु काटमार गर्नेलाई कारवाहीको लागि कानुन उपशाखामा बुझाउने व्यवस्था,

१५ सार्वजनिक क्षेत्र अतिक्रमण गरी बिना ईजाजत जथाभावी बसोबास गर्ने, टहरा, छाप्रा, आदि बनाई बस्ने प्रचलनलाई समाप्त गर्न निर्देशन भए अनुसारका आवश्यक कार्यहरु,

१६ जथाभावी फोहर गर्नेहरुलाई (व्यक्ति, परिवार, पसल, होटेल, उद्योग आदि) सम्झाउने बुझाउने र नमानेमा आवश्यक कार्वाहीका लागि सम्बन्धित शाखा, उपशाखालाई सिफारिस,

१७ नगरमा फोहर फैलाउने साना उद्यागहरुलाई फोहर निश्चित स्थानमा मात्र थुपार्न लगाउने तथा नमान्नेलाई कारवाहीको लागि पेश,

१८ अनैतिक पेशा व्यापारमा रोक लगाउने र अटेर गरेमा प्रारम्भिक कारवाहीको लागि राय पेश,

१९ नगर क्षेत्रमा सञ्चालित विकास निर्माण कार्यमा अवरोध उत्पन्न भएमा समाधानको व्यवस्था,

२० नगर क्षेत्रको सुरक्षा सम्बन्धी विषयमा प्रहरी कार्यालयसँग समय समयमा आवश्यक समन्वय राखी सहयोगको आदनप्रदान,

२१ नगर कार्यपालिका कार्यालयको सुरक्षाको व्यवस्थापन,

२२ प्रमुख प्रशासकिय अधिकृृत, शाखा प्रमुख एवं उपशाखा प्रमुखले तोकेका अन्य कार्य ।

१.१.४ वारुणयन्त्र व्यवस्थापन इकाई

यस इकाईले प्रशासन उपशाखाप्रति उत्तरदायी भई देहायका कार्यहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्नु÷गराउनु पर्नेछ ः

१ वारुणयन्त्रलाई हर समय तयारी अवस्थामा राख्ने,

२ वारुणयन्त्र टोलीलाई चुस्त दुरुस्त अवस्थामा राख्ने,

३ सार्वजनिक तथा निजी सम्पत्तीमा आगलागीका कारण हुनसक्ने क्षती न्यूनीकरणका लागि यथा प्रयत्न गर्ने,

४ सेवाग्राहीको सूचना बमोजिम तुरुन्त परिचालन गर्ने,

५ पहिलो सूचनालाई पहिलो प्राथमिकता दिई कार्य गर्ने,

६ अन्य तोकिएका कार्य गर्ने ।

१.१.५ बजार नियमन तथा उपभोक्ता हित संरक्षण इकाई

यस इकाईले शाखाप्रति उत्तरदायी भई देहायका कार्यहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्नु÷गराउनु पर्नेछ ः

क आपूर्ति व्यवस्थापन अनुगमन सम्बन्धी

१ स्थानीय व्यापार, वाणिज्य, वस्तुको माग, आपूर्ति व्यवस्थापन तथा अनुगमन,

२ स्थानीयस्तरमा बजार तथा हाट बजार व्यवस्थापन,

३ उपभोक्ता अधिकार तथा हित सम्बन्धी नीति, कानुन, मापदण्ड, कार्यान्वयन र नियमन,

४ स्थानीय वस्तुहरूको उत्पादन, आपूर्ति तथा निकासी प्रक्षेपण, मूल्य निर्धारण र अनुगमन,

५ स्थानीय व्यापार र वाणिज्य सम्बन्धी पूर्वाधार निर्माण,

६ स्थानीय व्यापार प्रवद्र्घन सहजीकरण र नियमन ।

ख बजार मूल्य तथा गुणस्तर सम्बन्धी

१ स्थानीय वस्तु र सेवा व्यापारको मूल्य तथा गुणस्तरको अनुगमन र नियमन,

२ उपभोक्ता सचेतना, लक्षित उपभोक्ताको लगत व्यवस्थापन,

३ स्थानीय वस्तु तथा सेवाको गुणस्तर परीक्षण,

४ खाद्य पदार्थको गुणस्तर नियन्त्रण,

५ खानेपानीको गुणस्तर नियन्त्रण ।

ग बौद्धिक सम्पत्ती संरक्षण सम्बन्धी

१ स्थानीय बौद्धिक सम्पत्तिको संरक्षण, प्रवद्र्घन र अभिलेखाङ्कन ।

१.२. योजना, अनुगमन तथा तथ्याङ्क व्यवस्थापन उपशाखा

यस उपशाखाले योजना तथा सामान्य प्रशासन शाखाप्रति उत्तरदायी भई देहायका कार्यहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्नु÷गराउनु पर्नेछ ।

क योजना व्यवस्थापन सम्बन्धी

१ विकास आयोजना तथा परियोजना सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना र नियमन,

२ स्थानीय विकास नीति, अल्पकालीन, मध्यकालीन तथा दीर्घकालीन विकास योजना तर्जुमा अनुगमन तथा मूल्यांकन,

३ आर्थिक, सामाजिक, साँस्कृतिक, वातावरणीय, प्रविधि र पूर्वाधारजन्य विकासका लागि आवश्यक आयोजना तथा परियोजनाहरूको तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन,

४ वार्षिक विकास कार्यक्रम तर्जुमा तथा कार्यान्वयन,

५ विकास निर्माण प्रक्रियामा स्थानीय जनसहभागिता अभिबृद्धिका कार्यक्रम तर्जुमा र कार्यान्वयन,

६ विकास योजनाहरुको वातावरणीय प्रभाव मूल्यांकन,

७ उपभोक्ता समिति गठन, क्षमता विकास र परिचालन,

८ नगर विकासका प्राथमिकता प्राप्त क्षेत्र तथा प्राथमिकता निर्धारणका आधार तर्जुमा,

९ संघीय र प्रादेशिक आयोजना, परियोजना कार्यान्वयनमा समन्वय, सहजीकरण र सहयोग,

१० योजनाहरुको लागि आवश्यकता अनुसार बोलपत्र, दरभाउपत्र आव्हान गर्ने र सम्बन्धित पक्षसँग सम्झौता गर्ने,

११ बोलपत्र दरभाउपत्र मूल्याँकन समितिमा सहयोग गर्ने,

१२ विकास आयोजना तथा परियोजना सम्बन्धी अन्य कार्य ।

ख योजना तथा कार्यक्रमको अनुगमन सम्बन्धी

१ सेवा प्रवाह तथा विकास आयोजनाको अनुगमन, आवधिक प्रगति तथा प्रतिफलको समीक्षा,

२ सार्वजनिक सेवा प्रवाह एवं विकास योजनाको अनुगमन तथा मूल्यांकनको आधार तथा प्रक्रिया निर्धारण,

३ आयोजनाको अध्ययन, अनुसन्धान तथा प्रभाव मूल्याङ्कन,

४ बिषयक्षेत्रगत नीतिको अनुगमन तथा मूल्यांकन,

५ सम्झौता बमोजिमको कार्यको भुक्तानीको सिफारिस गर्ने,

६ विकास आयोजना तथा परियोजना सम्बन्धी अनुगमन मूल्याँकन सम्बन्धी अन्य कार्य ।

ग वडा समन्वय सम्बन्धी

१ वडा समितिको कार्यालय मार्फत योजना कार्यान्वयनमा समन्वय, सहजीकरण र सहयोग,

२ आर्थिक, सामाजिक, साँस्कृतिक, वातावरणीय, प्रविधि र पूर्वाधारजन्य विकासका लागि आवश्यक आयोजना तथा परियोजनाहरूको तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन,

३ वडामा आवश्यक जनशक्तिको व्यवस्थापन ।

१.३ कानुन तथा विधायन उपशाखा

यस उपशाखाले योजना तथा सामान्य प्रशासन शाखाप्रति उत्तरदायी भई उपशाखा र मातहतका इकाईहरुबाट देहायका कार्यहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्नु÷गराउनु पर्नेछ ः

क न्याय तथा मानव अधिकार प्रवद्र्धन सम्बन्धी

१ न्याय तथा कानुनी राज्यको परिपालना,

२ मानव अधिकारको संरक्षण तथा प्रवद्र्धन,

३ व्यक्ति र समुदायबीच मेलमिलाप र मध्यस्थताको व्यवस्थापन,

४ न्यायिक निर्णय तथा फैसला कार्यान्वयन ।

ख विधायन सम्बन्धी

१ कार्यपालिका तथा सभामा पेश गर्नुपर्ने विभिन्न नीति, नियम तथा कानुनको मस्यौदामा संयोजन र समन्वय,

२ नीति, कानुनको प्रमाणीक प्रतिको संरक्षण, प्रकाशन र अभिलेख,

३ विधायन सम्बन्धी अन्य कार्य ।

ग न्यायिक समितिको सचिवालय सम्बन्धी

१ न्याय, कानुन तथा मानव अधिकार प्रवद्र्धन,

२ मेलमिलाप र मध्यस्थता, निर्णय तथा फैसला कार्यान्वयन,

३ न्यायिक समितिको सचिवालय सम्बन्धी कार्य ।

घ कानुनी मामिला सम्बन्धी

१ नीति, कानुन, मापदण्ड, निर्णयहरु कार्यान्वयनमा सहयोग,

२ टोलवस्ती सरसफाई सम्बन्धी मापदण्डको कार्यान्वयन र कसूर उपर छानविन र अनुसन्धान,

३ स्थानीय न्यायिक समितिले गरेका आदेश र फैसला कार्यान्वयनमा सहयोग,

४ कार्यालय परिसर, सम्पदा, सार्वजनिक ऐलानी, पर्ति जग्गा, सार्वजनिक भवन र भौतिक पूर्वाधार संरक्षण र सुरक्षा,

५ अपराध रोकथाम तथा अनुसन्धानमा सहयोग,

६ फूटपाथ व्यवस्थापन,

७ निर्माण नियमन तथा गुणस्तर नियन्त्रण,

८ नीति, कानुनको प्रमाणीक प्रतिको संरक्षण, प्रकासन,

९ स्थानीय पूर्वाधार, नीति, मापदण्ड र कानुन निर्माण सम्बन्धी कार्यहरु ।

१.४ सूचना तथा प्रविधि उपशाखा

यस उपशाखाले योजना तथा प्रशासन शाखाप्रति उत्तरदायी भई देहायका कार्यहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्नु÷गराउनु पर्नेछ ः

क तथ्याङ्क व्यवस्थापन सम्बन्धी

१ तथ्याङ्क संकलन, व्यवस्थापन तथा प्रयोग सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,

२ सूचना तथा अभिलेख केन्द्रको स्थापना तथा सञ्चालन,

३ स्थानीय तथ्याङ्क संकलन, प्रशोधन, अभिलेखिकरण तथा वितरण

- आधारभूत तथ्यांक संकलन र व्यबस्थापनः आधारभूत तथ्याङ्क सङ्कलन र प्रशोधन गरी सूचना प्रणालीमा आवद्धता र पाश्र्व चित्र तथा श्रोत नक्साको अद्यावधिक एवं अभिलेख,
- बेरोजगारको तथ्यांक संकलन,
- स्थानीय व्यापार व्यवसायको तथ्याङ्क प्रणाली व्यवस्थापन र अध्ययन अनुसन्धान,
- सामाजिक सुरक्षा सम्बन्धी स्थानीय तथ्याङ्क र सूचना व्यवस्थापन,
- सम्पन्न भएका तथा चालू आयोजनाको विवरण,
- विषक्षेत्रगत सूचना, तथ्यांकको संकलन, अभिलेख,

४ प्रदेश तथा संघसँग तथ्याङ्क एवं सूचना आदानप्रदान र समन्वय,

५ सम्भाव्य प्राकृतिक श्रोत तथा साधनको अभिलेख (प्रोफाईल) व्यवस्थापन,

६ नगरपालिकाको आवधिक तथा वार्षिक कार्यक्रम र बजेटसम्बन्धी कार्यहरु ।

ख एफएम प्रसारण र संचार प्रविधि सम्बन्धी

१ आफ्नो क्षेत्रभित्र इन्टरनेट सेवा, टेलिसेन्टर, केबुल तथा तारविहीन टेलिभिजन प्रसारणको अनुमति, नवीकरण र नियमन,

२ एक सय वाटसम्मको एफ.एम. रेडियो सञ्चालन अनुमति, नवीकरण र नियमन,

३ आफ्नो क्षेत्रभित्र पत्रपत्रिकाको प्रकाशन अनुमति, अभिलेख तथा नियमन ।

ग सूचना तथा संचार प्रविधि सम्बन्धी

१ अभिलेख व्यवस्थापनमा नवीनतम सूचना प्रविधिको प्रयोग,

२ सूचना तथा सञ्चार प्रविधिमा सर्वसाधारण जनताको सहज र सरल पहुँच तथा सूचना प्रविधिको विकास र विस्तार सम्बन्धी कार्यक्रम तर्जुमा र कार्यान्वयन,

३ बैज्ञानिक अध्ययन, अनुसन्धान र प्रविधि विकासमा लगानी,

४ सूचना तथा सञ्चार प्रविधिमा आधारित तथ्याङ्क व्यवस्थापन ।

२. सामाजिक विकास शाखा

यस शाखाले प्रमुख प्रशासकिय अधिकृतको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा रही देहायका कार्यहरु शाखा तथा मातहतका उपशाखा, इकाई र वडा कार्यालयबाट प्रभावकारी रुपमा कार्यान्वयन गर्नु÷गराउनु पर्नेछ ः

क नीति, ऐन, नियम, मापदण्ड र योजना सम्बन्धी

१ संविधानको मौलिक तथा निर्देशक सिद्धान्तको व्यवस्था, नेपाल पक्ष भएका अन्तराष्ट्रिय सन्धीसम्झौता, अभिसन्धी, आलेख कार्यान्वयनको लागि जिम्मेवार बनाइएका विषयहरु कार्यान्वयन गर्न नगरस्तरीय नीति, कानुन, कार्यविधि, मापदण्ड, योजना तथा कार्यक्रम तर्जुमा

२ नगरको शिक्षा, जनस्वास्थ्य तथा जनसंख्या लगायत सामाजिक विकाससँग सम्बन्धित रणनीति तथा योजना तर्जुमा सहयोग

३ महिला, बालबालिका, दलित, आदिवासी÷जनजाती, मुस्लिम, अल्पसंख्यक तथा पछाडिपरेका अन्य लक्षितवर्गको समावेशिकरण सम्बन्धी योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन कार्यको संयोजन,

४ नगरपालिका भित्र शिक्षा विकास तथा समुदाय परिचालन सम्बन्धी कामको रणनीति तर्जुमा ।

ख सामाजिक परिचालन र सचेतना अभियान सम्बन्धी

१ नगरपालिकामा टोल विकास संस्था लगायत सामाजिक परिचालन कार्यमा समन्वय र सहजीकरण,

२ जनस्वास्थ्य, शिक्षा, जनचेतना अभिवृद्धि, सरसफाइ तथा वातावरण संरक्षणका लागि समुदाय परिचालन,

३ लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण सम्बन्धीकार्यहरु योजना तर्जुमा र कार्यान्वयन,

४ सरकारी तथा गैर सरकारी संस्थाहरुसँग समन्वय गरी जनस्वास्थ्य, शिक्षा, सामाजिक सशक्तिकरण सम्बन्धी कार्यक्रम संचालन,

५ पोषणसम्बन्धीसेवा प्रवाह तथा जनचेतनामूलक कार्यक्रम संचालन ।

ग शैक्षिक विकास सम्बन्धी

१ साक्षरता, साक्षरोत्तर कक्षा, शैक्षिक विकास र नागरिक शिक्षासम्बन्धीकार्यहरु संचालन संयोजन,

२ नगर क्षेत्र भित्रका पूर्व प्राथमिक, आधारभूत र माद्यामिक विद्यालय संचालन,

घ जनस्वास्थ्य तथा सरसफाई सम्बन्धी

१ परिवार नियोजन, मातृशिशु, परिवार स्वास्थ्य, खोप जस्ता परिवार स्वास्थ्य कार्यक्रम संचालन,

२ महिला स्वयंसेविका परिचालन,

३ नसालु पदार्थ सेवन, मध्यपान, धुमपान जस्ता दुव्र्यसन र जुवातास जस्ता कुलत युवा तथा बालिबालिकालाई संरक्षण प्रदान गर्न सचेतना अभियान संचालन,

४ खुल्ला दिसामुक्त अभियान तथा पूर्ण खोप अभियान जस्ता सामाजिक परिवर्तन कार्यक्रम सम्बन्धी समन्वय र संचालन,

५ खाद्य सुरक्षा, गुणस्तर नियन्त्रण तथा उपभोक्ता हित संरक्षण,

६ एच.आई.भी. एड्स तथा बाल श्रम न्यूनीकरण सम्बन्धी कार्यहरुमा आवश्यक समन्वय र सहजीकरण ।

ङ महिला, बालबालिका र समाज कल्याण सम्बन्धी

१ अपाङ्गता भएका व्यक्तिहरुको क्षमता विकास गरी जीवन धान्न सक्ने तुल्याउन क्षमता, सीप र आयमूलक कार्यक्रमहरु संचालन,

२ स्थानीय लोपोन्मुख जाती, भाषा, संस्कृतिक संरक्षण र प्रवर्धनका कार्यक्रम संचालन,

३ बालबालिकाको अधिकार संरक्षरण र बालमैत्री स्थानीय शासन कार्यान्वयन,

४ महिला तथा बालबालिका कार्यालय, जिल्ला बालकल्लायण समिति र सम्बन्धित निकाय र सम्बद्धपक्षसँग समन्वय र महिला तथा बालबालिका सम्बन्धी कार्यक्रम संचालन,

५ कमजोर आर्थिक अवस्था भएका वर्गकालागि क्षमता तथा सीप विकास, आय आर्जन, स्वरोजगारमूलक कार्यक्रम संचालन,

६ नगर प्रमुख, उपप्रमुख र प्रमुख प्रशासकिय अधिकृतले दिएका निर्देशनहरुको पालना ।

च सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सम्बन्धी

१ सामाजिक सुरक्षासम्बन्धी अभिलेख अद्यावधिक, रकम प्रवाह कार्यको प्रक्रिया तथा नतिजा अनुगमन,

२ ऐन तथा कार्यविभाजन नियमावली तोकेका जिम्मेवारी तथा प्रमुख प्रशासकिय अधिकृतबाट प्रत्यायोजित अन्य कार्यहरु ।

२.१. शिक्षा, युवा तथा खेलकुद उपशाखा

यस उपशाखाले सामाजिक विकास शाखा प्रति उत्तरदायी भई देहायका कार्यहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्नु÷गराउनु पर्नेछ ः

क विद्यालय व्यवस्थापन सम्बन्धी

१ माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन,

२ पुस्तकालय एवं पत्रपत्रिका,

३ स्थानीय पुस्तकालय, वाचनालय तथा सामुदायिक अध्ययन केन्द्र सञ्चालन तथा व्यवस्थापन,

४ शिक्षाको गुणस्तर बढाउनको लागि शिक्षक, प्रधानाध्यापक तथा व्यवस्थापन समितिका पदाधिकारीहरूको समय समयमा बैठक, गोष्ठी वा तालिम संचालन,

५ स्थानीय पाठ्यक्रम निर्माण गर्न सम्बन्धित विद्यालयलाई सहयोग,

६ विद्यालयले स्वीकृत पाठ्यक्रम तथा पाठ्यपुस्तक लागू गरे÷नगरेको सम्बन्धमा निरीक्षण,

७ सरकारी तथा गैरसरकारी शैक्षिक परियोजनाहरूको निरीक्षण तथा समन्वय,

८ शिक्षकको तालिम तथा अन्य शैक्षिक क्रियाकलाप संचालन,

९ स्थानीय पाठ्यक्रम निर्माण गर्न सम्बन्धित विद्यालयलाई सहयोग तथा सोको नियमन,

१० नगर कार्यपालिका कार्यालयबाट विद्यालयलाई निकासा भएको रकम सदुपयोग भए नभएको अनुगमन,

११ कार्यपालिका, सामाजिक विकास शाखाबाट निर्देशित वा प्रत्यायोजित कार्य ।

ख शैक्षिक नीति, गुणस्तर मापदण्ड र योजना सम्बन्धी

१ प्रारम्भिक बाल शिक्षा तथा विद्यालय शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक शिक्षा (गुरुकुल, मदरसा, गुम्बा आदि), निरन्तर सिकाइ तथा विशेष शिक्षा सम्बन्धी नीति, कानुन, मापदण्ड, योजनाको निर्माण, कार्यान्वयन र नियमन,

२ प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमको योजना तर्जुमा, सञ्चालन, अनुमति र नियमन,

३ विद्यालयको नक्साङ्कन, अनुमति, स्वीकृति, समायोजन तथा नियमन,

ग शैक्षिण गुणस्तर सम्बन्धी

१ पाठ्यक्रम र पाठ्यसामग्रीको वितरण तथा कार्यान्वयन,

२ विद्यालय शिक्षक तथा कर्मचारी व्यवस्थापन,

३ शैक्षिक पूर्वाधार निर्माण र मर्मत सम्भार,

४ आधारभूत तह (कक्षा ८) को परीक्षा व्यवस्थापन,

५ विद्यार्थी सिकाइ उपलब्धीको परीक्षण र व्यवस्थापन,

६ विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन,

७ शैक्षिक परामर्श सेवाको अनुमति तथा नियमन,

८ स्थानीयस्तरको शैक्षिक ज्ञान, सीप र प्रविधिको संरक्षण, प्रबद्र्धन र स्तरिकरण ।

घ विद्यालय अनुगमन तथा सिकाई सम्बन्धी

१ नगरपालिका भित्र रहेका कम्पनी ऐन वा गुठी अन्तर्गत दर्ता भएका संस्थागत विद्यालयहरुको शैक्षिक कार्ययोजनाको समन्वय र अनुगमन ,

२ ऐन, नियम तथा कार्यविधि बमोजिम विद्यालयहरूको नियमन,

३ विद्यालय प्रशासन, अनुगमन तथा शैक्षिक गुणस्तरसम्बन्धी कार्यक्रम र कार्ययोजना तयार,

४ विद्यालय सुधार योजना तर्जुमा गर्ने र नगर शिक्षा योजना प्रक्रियालाई सहजीकरण गर्ने,

५ स्वीकृत शैक्षिक विकास, गुणस्तर, अनौपचारिक शिक्षा, विशेष शिक्षा र शिक्षाको लागि खाद्य कार्यक्रमको अनुगमन,

६ स्वीकृत कार्य योजना अनुसार विद्यालय सञ्चालन भए÷नभएको सम्बन्धमा नियमित रूपले निरीक्षण र सुपरीवेक्षण,

७ विद्यालय र प्रारम्भिक बाल शिक्षा केन्द्रको निरीक्षण,

८ सरकारी तथा गैरसरकारी शैक्षिक परियोजनाहरूको निरीक्षण तथा समन्वय,

९ विद्यालयको वार्षिक शैक्षिक कार्यक्रमको नियमित रूपमा अनुगमन ।

ङ युवा तथा खेलकुद विकास सम्बन्धी

१ युवा जागरण, सशक्तिकरण र परिचालन,

२ युवा सीप, उद्यमशिलता तथा नेतृत्व विकास,

३ नसालु पदार्थ सेवन, मध्यपान, धुमपान जस्ता दुव्र्यसन र जुवातास जस्ता कुलतमा परेका युवाको उद्धार तथा संरक्षण प्रदान गर्न सचेतना अभियान संचालन,

४ स्थानीयस्तरमा खेलकूद प्रशासन तथा सङ्घ संस्थाको नियमन र समन्वय,

५ खेलकुदको संरचनाको पूर्वाधार निर्माण, सञ्चालन तथा विकास,

६ खेलकूदको विकास र प्रबद्र्घन,

७ खेलकूद प्रतियोगिता आयोजना र सहभागिता,

८ स्थानीय कला, भाषा, साहित्य, संस्कृतिको संरक्षण, सम्बद्र्धन तथा प्रबद्र्धन सम्बन्धी नीति, मापदण्ड, कार्यक्रम तर्जुमा, कार्यान्वयन तथा अनुगमन,

९ अतिरिक्त क्रियाकलाप सम्बन्धी विषय ।

२.२. स्वास्थ्य उपशाखा

यस उपशाखाले सामाजिक विकास शाखा प्रमुखको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा रही देहायका कार्यहरु मातहतका स्वास्थ्य संस्था तथा इकाई परिचालन गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्नु÷गराउनु पर्नेछ ः

क आधारभूत स्वास्थ्य तथा सरसफाई नीति, कानुन र योजना सम्बन्धी

१ आधारभूत स्वास्थ्य र सरसफाई सम्बन्धी नीति, कानुन, मापदण्ड, योजनाको निर्माण, कार्यान्वयन तथा नियमन,

२ राष्ट्रिय तथा प्रदेशस्तरीय लक्ष्य र मापदण्ड बमोजिम स्थानीयस्तरको स्वास्थ्य सम्बन्धी लक्ष्य र गुणस्तर निर्धारण,

३ राष्ट्रिय र प्रादेशिक मापदण्ड अनुरुप जनरल अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र तथा अन्य स्वास्थ्य संस्थाहरूको क्लिनिक दर्ता, सञ्चालन अनुमति र नियमन ।

ख आधारभूत स्वास्थ्य सेवा संचालन सम्बन्धी

१ आधारभूत स्वास्थ्य सेवाको सञ्चालन र प्रबद्र्घन,

२ अस्पताल र अन्य स्वास्थ्य संस्थाको स्थापना तथा सञ्चालन,

३ स्वास्थ्य सेवा सम्बन्धी भौतिक पूर्वाधार विकास तथा व्यवस्थापन,

४ सरसफाई सचेतनाको अभिबृद्धि,

५ रक्त सञ्चार सेवा तथा स्थानीय र शहरी स्वास्थ्य सेवा ।

ग स्वास्थ्य सेवा र औषधी नियमनसम्बन्धी

१ औषधी पसल सञ्चालन र नियमन,

२ औषधीजन्य वनस्पति, जटीबुटी र अन्य औषधीजन्य वस्तुको उत्पादन, प्रशोधन र वितरण,

३ स्वास्थ्य बीमा लगायतका सामाजिक सुरक्षा कार्यक्रमको व्यवस्थापन,

४ औषधी तथा अन्य मेडिकल उत्पादनहरूको न्यूनतम मूल्य निर्धारण र नियमन,

५ औषधीको उचित प्रयोग र सूक्ष्म जीव निरोधक प्रतिरोध न्यूनीकरण,

६ औषधी र स्वास्थ्य उपकरणको खरीद, भण्डाण र वितरण,

७ स्वास्थ्य सूचना प्रणालीको व्यवस्थापन,

८ जनस्वास्थ्य निगरानी (पब्लिक हेल्थ सर्भेलेन्स),

९ प्रवद्र्घनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुनस्र्थापनात्मक र प्यालिएटिभ स्वास्थ्य सेवाको सञ्चालन,

१० स्वस्थ जीवनशैली, पोषण, शारीरिक ब्यायम, योग अभ्यास, स्वास्थ्य वृत्तको पालना, पञ्चकर्म लगायतका जनस्वास्थ्य सेवाको प्रवद्र्धन,

११ जुनोटिक र कीटजन्य रोगको नियन्त्रण तथा व्यवस्थापन,

१२ सुर्ति, मदिरा र लागू पदार्थजन्य वस्तुको प्रयोग नियन्त्रण तथा सचेतना अभिवृद्धि,

१३ आयुर्वेदिक, युनानी, आम्ची, होमियोप्याथिक, प्राकृतिक चिकित्सा लगायतका परम्परागत स्वास्थ्य उपचार सेवाको व्यवस्थापन,

१४ जनस्वास्थ्य, आपत्कालीन स्वास्थ्य तथा महामारीको नियन्त्रण योजना र कार्यान्वयन,

१५ सरुवा तथा नसर्ने रोगको नियन्त्रण तथा रोकथाम,

१६ आकस्मिक स्वास्थ्य सेवा प्रवाह ।

घ जनस्वास्थ्य तथा सरसफाई सम्बन्धी

१ परिवार नियोजन, मातृशिशु, परिवार स्वास्थ्य, खोप जस्ता परिवार स्वास्थ्य कार्यक्रम संचालन,

२ महिला स्वयंसेविका परिचालन,

३ नसालु पदार्थ सेवन, मद्यपान, धुमपान जस्ता दुव्र्यसन र जुवातास जस्ता कुलत युवा तथा बालिबालिकालाई संरक्षण प्रदान गर्न सचेतना अभियान संचालन,

४ खुल्ला दिसामुक्त अभियान तथा पूर्ण खोप अभियान जस्ता सामाजिक परिवर्तन कार्यक्रमसम्बन्धी समन्वय र संचालन,

५ खाद्य सुरक्षा, गुणस्तर नियन्त्रण तथा उपभोक्ता हित संरक्षण। एच.आई. भी. एड्स तथा वाल श्रम न्यूनीकरण सम्बन्धी कार्यहरुमा आवश्यक समन्वय र सहजीकरण ।

२.२.१ आयुर्वेद औषधालय

यस आयूर्वेद औषधालयले स्वास्थ्य उपशाखाप्रति उत्तरदायी भई देहायका कार्यहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्नु÷गराउनु पर्नेछ ।

१ आयूर्वेद सेवा सम्बन्धी, नीति, कार्यविधि र योजना कार्यक्रम तर्जुमा तथा सोको कार्यान्वयन र अनुगमन तथा प्रतिवेदन गर्ने

२ नियमित रुपमा विरामी जाँच गर्ने

३ गाउँघर क्लिनिक तथा आयूर्वेद स्वास्थ्य शिविर सञ्चालन गर्ने

४ ज्येष्ठ नागरिक विरामीलाई जाँच तथा औषधी वितरण गर्ने

५ स्तनपाई आमाको औषधी वितरण गर्ने

६ योग तालिम तथा शिविर सञ्चालन गर्ने

७ जडिबुटी र आयूर्वेदिक औषधी सम्बन्धी परिचयात्मक कार्यक्रम सञ्चालन गर्ने

८ आयूर्वेद स्वास्थ्य सेवा सञ्चालन गर्ने

९ पञ्चकर्म सेवा सञ्चालन गर्ने

१० स्थानीय जडिबुटीमा औषधी उत्पादन कार्य संचालन गर्ने

११ नियमित तथा आवधिक प्रगति प्रतिवेदन तयार गर्ने

२.३. महिला, बालबालिका तथा लक्षित वर्ग समन्वय उपशाखा

यस उपशाखाले सामाजिक विकास शाखाप्रति उत्तरदायी भई देहायका कार्यहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्नु÷गराउनु पर्नेछ ः

क लैंगिक समानता सम्बन्धी

१ महिला हक सम्बन्धी नीति, योजना कार्यान्वयन, समन्वय र नियमन,

२ महिलाको आर्थिक, सामाजिक, राजनीतिक सशक्तिकरण, क्षमता विकास,

३ लैङ्गिक हिंसा निवारणका लागि निरोधात्मक, प्रवद्र्धनात्मक, संरक्षणात्मक उपाय र पुनःस्थापना,

४ लैंङ्गिक उत्तरदायी बजेट ।

ख बालबालिका तथा किशोर किशोरी सम्बन्धी

१ बालबालिकाको हकहीत संरक्षण सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,

२ बालबालिकाको हकहित संरक्षण,

३ बालमैत्री शासकीय प्रबन्ध, बाल क्लब, बाल संरक्षण समिति तथा बाल सञ्जाल,

४ बालबालिकाको हकहित संरक्षण सम्बन्धमा संघ, प्रदेश तथा अन्य निकायसँग सम्पर्क, समन्वय तथा सहकार्य,

५ बालबालिका परिवार सहयोग,

६ बैकल्पिक स्याहार पद्धतिको कार्यान्वयन,

७ बाल न्याय, बाल हिंसा नियन्त्रण,

८ बाल गृह, पुनःस्थापना केन्द्र, शिशु स्याहार केन्द्र र बाल विकास केन्द्र व्यवस्थापन,

९ असहाय बालबालिकाका, सडक बालबालिका व्यवस्थापन,

१० बालसुधार तथा पुनःस्थापना केन्द्र स्थापना, संचालन अनुमती र नियमन,

११ आपत्कालीन बाल उद्धार कोष स्थापना र व्यवस्थापन ।

ग अपाङ्गता भएका व्यक्ति तथा जेष्ठ नागरिक सम्बन्धी

१ जेष्ठ नागरिकको लगत, परिचयपत्र, सम्मान, स्वास्थ्य सुविधा, सामाजिक सुरक्षा सम्बन्धी कार्य,

२ जेष्ठ नागरिक क्लव, दिवा सेवा केन्द्र, भेटघाटस्थल, आश्रय केन्द्रको सञ्चालन तथा व्यवस्थापन,

३ सङ्घ तथा प्रदेशसँगको समन्वयमा अपाङ्गता पुनःस्थापना केन्द्र तथा असक्त स्याहार केन्द्रको सञ्चालन र व्यवस्थापन,

४ अपाङ्गता भएका व्यक्ति तथा असहायको लगत अद्यावधिक, परिचयपत्र वितरण, सामाजिक सुरक्षा तथा सुविधाको व्यवस्थापन तथा वितरण,

५ अपाङ्गता भएका व्यक्तिमैत्री पूर्वाधार निर्माण तथा सञ्चालन,

६ अपाङ्गता भएका व्यक्ति र असक्तहरूको व्यवस्थापन सम्बन्धी अन्य कार्य,

७ एकल महिला सम्बन्धी कार्य ।

घ संघसंस्था व्यवस्थापन सम्बन्धी

१ स्थानीयस्तरमा समाजकल्याणसंग सम्बन्धी (गैरसरकारी, सामाजिक तथा सामुदायिक संघसंस्था) को दर्ता, नवीकरण तथा नियमन,

२ गुठी, कोष तथा अन्य ट्रष्टहरुको व्यवस्थापन,

३ निजी तथा गैरसरकारी क्षेत्रसंग समन्वय र सहकार्य,

४ सामाजिक संघसंस्था सम्बन्धी अन्य कार्य ।

२.४. सामाजिक सुरक्षा तथा पंजीकरण इकाई

यस इकाइले महिला, बालबालिका तथा लक्षित वर्ग समन्वय उपशाखाप्रति उत्तरदायी भई देहायका कार्यहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्नु÷गराउनु पर्नेछ ।

१ सामाजिक सुरक्षा सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, नियमन र अध्ययन अनुसन्धान,

२ सङ्घ तथा प्रदेशले निर्धारण गरेको मापदण्ड बमोजिम सामाजिक सुरक्षा सम्बन्धी कार्यक्रम कार्यान्वयन,

३ सामाजिक सुरक्षाको कार्यान्वयनको लागि सङ्घ, प्रदेश र स्थानीय सङ्घ संस्थासँग सम्पर्क, समन्वय र सहकार्य,

४ स्थानीय सामाजिक सुरक्षा योजना र व्यवस्थापन तथा आवश्यक तथ्यांक संकलन एवं व्यवस्थापन,

५ आधुनिक प्रविधि मार्फत व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, विवाह, बसाईसराई, सम्वन्ध विच्छेद र धर्मपुत्र धर्मपुत्री), अभिलेख व्यवस्थापन तथा प्रतिवेदन ।

३. पूर्वाधार विकास शाखा

यस शाखाले प्रमुख प्रशासकिय अधिकृतको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा रही देहायका कार्यहरु शाखा तथा मातहतका उपशाखा, इकाई र वडा कार्यालयबाट प्रभावकारी रुपमा कार्यान्वयन गर्नु÷गराउनु पर्नेछ ः

क पूर्वाधार विकास नीति, मापदण्ड र योजना सम्बन्धी

१ नगर सामाजिक, आर्थिक विकास, पूर्वाधार र वातावरण व्यवस्थापन रणनीतिक योजना तर्जुमा,

२ यातायात, आवास, वातावरण तथा फोहोरमैला व्यवस्थापन, खानेपानी तथा सरसफाई, बजार तथा ढल व्यवस्थापन, नदी नियन्त्रण, विद्युतीकरण, स्थानीय आर्थिक विकास योजना तथा कार्यक्रम तर्जुमा,

३ कानुन तथा स्वीकृत नीति अनुसार आयोजनाहरुको पूर्व संभाव्यता र संभाव्यता अध्ययन सर्वेक्षण,

४ नगरपालिकाले अबलम्बन गर्ने विभिन्न विषयक्षेत्रगत नीति तर्जुमा गर्न सहयोग,

५ राष्ट्रिय शहरी विकास नीति, भू—उपयोग नक्शा, भूउपयोग योजना, भौतिक विकास योजना, नगर यातायात गुरुयोजना तर्जुमा र कार्यान्वयन,

६ एकीकृत शहरी विकास सम्बन्धी प्रचलित कानुन तथा नीति अनुरुप मापदण्ड तयार,

७ जग्गा विकास तथा भवन निर्माण सम्बन्धी मापदण्ड र जग्गा विकास योजना तयार गरी कार्यान्वयन,

८ भवन नक्शापास सम्बन्धी कानुनी र नीतिगत व्यवस्था,

९ सिँचाई सम्बन्धी गुरुयोजनाको तर्जुमा,

१० नवीकरणीय तथा वैकल्पिक ऊर्जा सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,

११ भवन सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा ।

ख प्राविधिक सहयोग र सुपरीवेक्षण सम्बन्धी

१ शहरी विकास, आवास र सुरक्षित निर्माण तथा पूर्वाधार विकाससम्बन्धी कार्यहरुमा आवश्यक प्राविधिक राय परामर्श, सल्लाह र सहयोग,

२ वातावरणमैत्री, जलवायु परिवर्तन अनुकूलन, अपाङ्गता र लैङ्गिगमैत्री यातायात प्रणालीको प्रवद्र्धन ।

ग नक्शाङ्कन तथा सूचना प्रणाली सम्बन्धी

१ तथ्याङ्क संकलन, व्यवस्थापन तथा प्रयोग सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,

२ नगरको वस्तुगत विवरण, भौगोलिक सूचना प्रणाली, स्रोत नक्शा आदि तयार तथा अद्यावधिक,

३ नगरपालिका क्षेत्रको भौतिक पूर्वाधार, मठमन्दिर, सडक नाला, ढल, पार्क, चौतार, विद्यालय, खुल्लास्थान, पुलपुलेसा, भौतिक विकासको वितरण स्पष्ट देखिने गरी भौतिक नक्शा तयार ।

घ समन्वय, सम्बन्ध विकास र अन्य सम्बन्धी

१ आधारभूत यातायात सम्बन्धमा प्रदेश सरकारसँग समन्वय,

२ यातायात क्षेत्रमा वाताबरणमैत्री प्रविधिलाई प्रोत्साहन,

३ शहरी योजना तर्जुमा र कार्यान्वयनका लागि अन्य सरकारी तथा गैर सरकारी एवं नीजि क्षेत्रका सम्बद्ध निकायहरुसँग समन्वय र सहयोग सम्बन्ध विकास र विस्तार,

४ मातहतका उपशाखा र इकाईहरुबाट सम्पादन भएका कार्य प्रगति विवरण तयारी र पृष्ठपोषण ।

३.१ सडक तथा पूर्वाधार विकास उपशाखा

यस उपशाखाले पूर्वाधार विकास शाखाप्रति उत्तरदायी भई उपशाखा र मातहतका इकाईहरुबाट देहायका कार्यहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्नु÷गराउनु पर्नेछ ः

क सडक तथा यातायात व्यवस्था सम्बन्धी

१ स्थानीय तथा शहरी सडक, कृषि सडक तथा यातायात सम्बन्धी नीति, कानुन, मापदण्ड तथा नियमन,

२ स्थानीय तथा शहरी सडक, कृषि सडक, झोलुङ्गे पुल, पुलेसा र तटबन्धन सम्बन्धी गुरुयोजनाको तर्जुमा, कार्यान्वयन र स्तरोन्नतिका आयोजनाको पहिचान, अध्ययन, कार्यान्वयन, मर्मत, सम्भार,

३ यातायात सुरक्षा व्यवस्थापन र नियमन,

४ स्थानीय सार्वजनिक यातायातको रुट निर्धारण, अनुमति, नवीकरण, खारेजी, सेवाको गुणस्तर, भाडा दर निर्धारण र नियमन,

५ ट्याक्सी सेवा अनुमती, व्यवस्थापन र नियमन,

६ ट्रली बस, ट्रामजस्ता मध्यम क्षमताका मास ट्रान्जिट प्रणालीको नीति, योजना, मापदण्ड, कार्यान्वयन, नियमन,

७ वातावरणमैत्री, जलवायु परिवर्तन अनुकूलन, अपाङ्गता र लैङ्गिगमैत्री यातायात प्रणालीको प्रवद्र्धन,

८ आधारभूत यातायात सम्बन्धमा प्रदेश सरकारसँग समन्वय,

९ यातायात क्षेत्रमा लगानी अभिबृद्धि,

१० यातायात सुविधामा नागरिकको सरल, सहज र समान पहुँच अभिबृद्धि,

११ यातायात क्षेत्रमा वातावरणमैत्री प्रविधिलाई प्रोत्साहन,

१२ निजी यातायात नियमन व्यवस्थापन ।

ख सिंचाई तथा जलउत्पन्न प्रकोप नियन्त्रण सम्बन्धी

१ सिँचाई सम्बन्धी नीति, कानुन, मापदण्ड निर्धारण र नियमन,

२ सिँचाई सम्बन्धी गुरुयोजनाको तर्जुमा, कार्यान्वयन र स्तरोन्नतिका आयोजनाको पहिचान, अध्ययन, कार्यान्वयन, मर्मत, सम्भार र नियमन,

३ स्थानीय साना, सतह तथा भूमिगत सिचाई प्रणालीको सञ्चालन निर्माण, सुधार, मर्मत सम्भार तथा सेवा शुल्कको निर्धारण र सङ्कलन व्यवस्थापन,

४ जलउत्पन्न प्रकोप नियन्त्रण सम्बन्धीस्थानीय,

५ तटबन्ध, नदी नियन्त्रण तथा नदीे व्यवस्थापन र नियमन,

६ साना जल उपयोग सम्बन्धी आयोजना तर्जुमा, कार्यान्वयन र अनुगमन ।

ग सार्वजनिक निजी साझेदारी इकाई

१ स्थानीय सार्वजनिक'निजी साझेदारी सम्बन्धीस्थानीय नीति, योजना निर्माण,

२ स्थानीय सार्वजनिक'निजी साझेदारीका आयोजना छनौट तथा कार्यान्वयन,

३ सार्वजनिक सामुदायिक साझेदारी,

४ स्थानीय विकासमा निजी क्षेत्रको प्रबद्र्धन ।

३.२ भवन तथा भूमि व्यवस्थापन उपशाखा

यस उपशाखाले पूर्वाधार विकास शाखाप्रति उत्तरदायी भई उपशाखा र मातहतका इकाईहरुबाट देहायका कार्यहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्नु÷गराउनु पर्नेछ ः

क भू'उपयोग तथा वस्ती विकास सम्बन्धी

१ शहरीकरण, बस्ती विकाससम्बन्धी नीति, कानुन, मापदण्ड तथा सो सम्बन्धीयोजना तर्जुमा, आयोजना पहिचान, अध्ययन, कार्यान्वयन र नियमन,

२ आधारभूत आवासका योजना तर्जुमा र कार्यान्वयन,

३ नगरपालिकामा अव्यवस्थित बसोबास व्यवस्थापन कार्यक्रमको तर्जुमा र कार्यान्वयन,

४ आधारभूत बसोवास सम्बन्धमा प्रदेश सरकारसँग समन्वय,

५ योजनाबद्ध र व्यबस्थित वस्ती विकासका कार्यक्रम तर्जुमा र कार्यान्वयन,

६ एकीकृत बस्ती विकासका लागि जग्गाको एकीकरण तथा जग्गा विकास र व्यबस्थापन,

७ आफ्नो क्षेत्रको भूउपयोग नीति, योजना, कार्यक्रम तर्जुमा र कार्यान्वयन,

८ व्यवस्थित वस्ती विकासका कार्यक्रमको तर्जुमा र कार्यान्वयन,

९ संघीय र प्रदेश कानुन बमोजिम स्थानीय तहमा सुकुम्वासी पहिचान र अभिलेख व्यवस्था,

१० स्थानीयस्तरमा सुकुम्वासी सम्बन्धी जीविकोपार्जन र वसोवास व्यवस्था,

११ एकीकृत वस्ती विकासका लागि जग्गाको एकीकरण तथा जग्गा विकास र व्यवस्थापन ।

ख भवन तथा भवन संहिता एवं निर्माण इजाजत (डिजाइन समेत) सम्बन्धी

१ भवन सम्बन्धी नीति, कानुन, मापदण्ड तथा सो सम्बन्धीयोजना तर्जुमा, आयोजना पहिचान, अध्ययन, कार्यान्वयन र नियमन,

२ राष्ट्रिय भवन संहिता तथा मापदण्ड बमोजिम भवन निर्माण अनुमति र नियमन,

३ भवन निर्माणको नक्शा स्वीकृति, संशोधन, नियमन,

४ पुरातत्व, प्राचीन स्मारक र संग्र्रहालय संरक्षण, सम्बद्र्धन र पुनःनिर्माण,

५ सरकारी भवन, विद्यालय, सामुदायिक भवन, सभागृह तथा अन्य सार्वजनिक भवन तथा संरचना निर्माण र मर्मत संभार ।

३.३. वातावरण तथा विपद् व्यवस्थापन उपशाखा

यस उपशाखाले पुर्वाधार विकास शाखाप्रति उत्तरदायी भई देहायका कार्यहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्नु÷गराउनु पर्नेछ ः

क खानेपानी तथा सरसफाई व्यवस्थापन सम्बन्धी

१ स्थानीय सरसफाई सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,

२ नगरको जलश्रोत, खानेपानी तथा सरसफाई सम्बन्धी रणनीतिक योजना तर्जुमामा आवश्यक पहल,

३ सार्वजनिक स्थलमा पिउने पानी व्यवस्थापन,

४ स्वच्छ खानेपानी आपूर्ति सम्बन्धी अन्य विषय,

५ वातावरण तथा फोहोरमैला व्यवस्थापन, खानेपानी तथा सरसफाई, बजार तथा ढल व्यवस्थापन, खानेपानीका मुहान संरक्षण सम्बन्धी योजना तर्जुमा,

६ खानेपानी तथा सरसफाई सम्बन्धी न.पा.ले प्रत्यायोजन गरेका अन्य कार्य,

७ खानी तथा खनिज पदार्थको संरक्षण सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड तथा योजनाको कार्यान्वयन र नियमन,

८ ढुङ्गा, गिटी, बालुवा, माटो, नुन, स्लेट, खरीढुङ्गा, फायरक्लेजस्ता खानीजन्य वस्तु सर्वेक्षण, अन्वेषण, उत्खनन्,

९ ढुङ्गा, गिट्टी, बालुवा, माटो, खरीढुङ्गा, फायर क्ले, स्लेट तथा नुन, आदि खानीजन्य वस्तुको संरक्षण, विकास, उत्खनन् र उपयोग सम्बन्धी दर्ता, अनुमति, नवीकरण, खारेजी र व्यवस्थापन ।

ख वन, जैविक विविधता संरक्षण सम्बन्धी

१ वन, जंगल, वनयजन्तु, चराचुरुंगी, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,

२ सामुदायिक, ग्रामीण तथा शहरी, धार्मिक, कवुलियती वनको संरक्षण, सम्वद्र्धन, उपयोग र नियमन,

३ सामुदायिक वन उपभोक्ता समूहको व्यवस्थापन,

४ मध्यवर्ती क्षेत्र, सामुदायिक, धार्मिक र कबुलियती वनको व्यवस्थापन,

५ जडीबुटी र अन्य गैरकाष्ठ वन पैदावारको सर्भेक्षण, उत्पादन, सङ्कलन, प्रबद्र्घन, प्रशोधन र बजार व्यवस्थापन,

६ वनबीउ बगैंचा स्थापना, व्यवस्थापन र प्रवद्र्घन,

७ नर्सरी स्थापना, बिरुवा उत्पादन, वितरण, रोपण र प्रवद्र्धन,

८ वन्यजन्तु र चराचुरुङ्गीको संरक्षण, व्यवसायिक पालन, उपयोग र अनुगमन,

९ वन्यजन्तुबाट स्थानीय समुदायमा पर्ने प्रभाव रोकथाम, व्यवस्थापन,

१० स्थानीय प्राणी उद्यान (चिडियाखाना) को स्थापना र सञ्चालन,

११ स्थानीय वन्यजन्तु पर्यटन र आयआर्जन,

१२ स्थानीय स्तरमा आखेटोपहारको व्यवस्थापन,

१३ वन, वन्यजन्तु तथा चराचुरुङ्गीको अभिलेखाङ्कन र अध्ययन अनुसन्धान,

१४ रैथाने प्रजातिको बोटविरुवा संरक्षण र प्रवर्द्धन,

१५ मिचाहा प्रजातिको नियन्त्रण,

१६ जैविक विविधताको अभिलेख,

१७ आय आर्जनमा आधारित जडीबुटीको संरक्षण, प्रबद्र्धन, व्यवस्थापन ।

ग हरियाली तथा शहरी सुन्दरता प्रवर्धन सम्बन्धी

१ नदी किनार तथा सडक किनारमा वृक्षारोपण व्यवस्थापन,

२ सार्वजनिक खाली जग्गा, पाखा वा क्षेत्रमा वृक्षारोपण, सम्भार, उपयोग र व्यवस्थापन,

३ बृक्षारोपण, हरियाली तथा हरित क्षेत्रको प्रर्वद्धन ।

घ पर्यावरण एवं जलाधारक्षेत्र संरक्षण सम्बन्धी

१ सामुदायिक भूसंरक्षण र सोमा आधारित आय आर्जन कार्यक्रम,

२ भूसंरक्षण र जलाधार व्यवस्थापनजन्य सामुदायिक अनुकूलन,

३ पहिरो नियन्त्रण तथा रोकथाम,

४ बाँध तथा नदी नियन्त्रण,

५ वायु, ध्वनी र जल प्रदूषण नियन्त्रण,

६ हानिकारक पदार्थहरूको नियमन तथा नियन्त्रण,

७ वातावरणीय जोखिम न्यूनीकरण,

८ न्यून कार्वनमुखी तथा वातावरणमैत्री विकास अवलम्बन,

९ वातावरण संरक्षण क्षेत्र निर्धारण र व्यवस्थापन,

१० जलवायू परिवर्तन अनुकुलन कार्यक्रम ।

ङ संकटासन्नता नक्शाकंन सम्बन्धी

१ विपद् जोखिम क्षेत्रको नक्साङ्कन तथा वस्तीहरूको पहिचान र स्थानान्तरण,

२ जोखिम विश्लेषण, स्तरीकरण, क्षमता विश्लेषण र प्रतिवेदन तयारी,

३ विपद् सम्बन्धी तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान ।

च विपद् न्यूनीकरण, पूर्वतयारी र प्रतिकार्य सम्बन्धी

१ प्राकृतिक प्रकोपको पूर्व तयारी तथा रोकथाम,

२ विपद् जोखिम न्यूनीकरणका लागि पूर्व सूचना प्रणाली सम्बन्धी कार्यक्रमको तर्जुमा र कार्यान्वयन,

३ विपद् व्यवस्थापनमा सङ्घ, प्रदेश र स्थानीय समुदाय, संघ संस्था, निजीक्षेत्रसँग सहयोग, समन्वय र सहकार्य,

४ स्थानीय विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना र जोखिम न्यूनीकरण कार्य योजना तर्जुमा र कार्यान्वयन,

५ विपद् पूर्व तयारी, खोज तथा उद्धार, राहत सामग्रीको पूर्व भण्डारण, वितरण र समन्वय,

६ विपद् कोषको स्थापना तथा सञ्चालन र स्रोत साधनको परिचालन,

७ बारुणयन्त्र तथा एम्बुलेन्सको सञ्चालन तथा व्यवस्थापन,

८ विपद् पश्चात् स्थानीयस्तरको पुनरुस्थापना र पुनर्निर्माण,

९ स्थानीय आपतकालीन कार्य सञ्चालन प्रणाली संचालन।

४. आर्थिक विकास शाखा

यस शाखाले प्रमुख प्रशासकिय अधिकृतप्रति उत्तरदायी भई कृषि, पशु विकास, उद्योग तथा व्यवसाय, पर्यटन तथा संस्कृति क्षेत्रसँग सम्बन्धित देहायअनुसारका कार्य प्रभावकारी रुपमा सम्पादन गर्नु पर्नेछ

क नीति, कानुन तथा कार्यविधि तर्जुमा

१ आर्थिक विकाससँग सम्बन्धित नीति, कानुन, कार्यविधि, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,

२ नीति, कानुन, कार्यविधि, मापदण्ड र योजना तयारीमा महिला, वातावरण, जनसंख्या व्यवस्थापन, द्वन्द्व व्यवस्थापन, सामाजिक समावेशीकरण जस्ता विषयहरुको समायोजन ।

ख वेरोजगारी तथा सुकुम्बासी सम्बन्धी

१ नगर सभा तथा कार्यपालिका बैठक, आर्थिक बिकास समितिमा पेश गर्ने प्रस्ताव तयार,

२ आर्थिक विकास समितिको सचिवालयसम्बन्धी कार्य,

३ सुकुम्बासीको पहिचान र अभिलेख व्यवस्थापन,

४ सुकुम्बासी सम्बन्धी जीविकोपार्जन र बसोबास व्यवस्थापन,

५ बेरोजगार विवरण तयारी, रोजगार प्रवर्धन कार्यक्रम व्यवस्थापन र संचालन ।

ग अनुगमन तथा सुपरीवेक्षण, प्राविधिक परामर्श र कार्य सम्पादन मूल्याकंन

१ शाखा मातहतका कर्मचारीहरुको सामान्य रुपमा नियमित रेखदेख तथा नियन्त्रण,

२ माताहत कार्यरत कर्मचारीहरुको कार्यसम्पादनमा सहजीकरण, कार्यसम्पादन मापन र वृत्ति विकास,

३ प्रगती बिबरण तयारी र पेश ।

घ कार्यक्रम कार्यान्वयन

१ आर्थिक विकाससँग सम्बन्धी स्थानीय प्रविधिको विकास एवं प्रबद्र्धन,

२ कृषि, पशु विकास, सहकारी, पर्यटन, घरेलु तथा साना उद्योग, खानी, पर्यटन र सँस्कृतिसँग सम्बन्धित आयोजना तथा कार्यक्रम कार्यान्वयन, सुपरीवेक्षण र गुणस्तर नियमन ।

ङ समन्वय र सम्बन्ध विकास

१ अन्य शाखा र यस शाखा अन्तर्गतका उपशाखा, इकाई र वडा समितिको कार्यालयसँग तेर्सो तथा डाडो सम्बन्ध विकास र समन्वय

२ नेपाल सरकार, प्रदेश सरकार र नगर कार्यपालिकाबाट संचालित रोजगार÷स्वरोजगार कार्यक्रमको संयोजन र संचालन

४.१ कृषि विकास उपशाखा

यस उपशाखाले आर्थिक विकास शाखाप्रति उत्तरदायी भई देहायका कार्यहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्नु÷गराउनु पर्नेछः

क नीति, कानुन, मापदण्ड र योजना तर्जुमा सम्बन्धी

१ कृषि, कृषि प्रसार, कृषि उत्पादन व्यवस्थापन सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन ।

ख कृषि बजार, पूर्वाधार र सामाग्री सम्बन्धी

१ कृषि बजार सूचना, कृषि बजार तथा हाटबजारको पूर्वाधार निर्माण, साना सिँचाई निर्माण, तालिम, प्रविधि प्रसार, प्राविधिक टेवा, कृषि सामाग्री आपूर्ति,

२ उच्च मूल्ययुक्त कृषिजन्य वस्तुको प्रवद्र्घन, विकास तथा बजारीकरण,

३ कृषि बीउविजन, नश्ल, मलखाद र रसायन तथा औषधीहरूको आपूर्ति, उपयोग र नियमन,

४ शीत भण्डारणको व्यवस्थापन ।

ग कृषि प्रसार र प्रविधि हस्तान्तरण सम्बन्धी

१ कृषक क्षमता विकास कार्यक्रमको सञ्चालन,

२ कृषिजन्य प्राकृतिक प्रकोप तथा महामारी रोगको नियन्त्रण,

३ कृषि वातावरण संरक्षण तथा जैविक विविधताको संरक्षण र प्रवद्र्घन,

४ कृषि प्रसार तथा जनशक्तिको प्रक्षेपण, व्यवस्थापन र परिचालन ।

घ कृषि सूचना, सेवा, संस्थागत क्षमता विकास सम्बन्धी

१ कृषकहरूको क्षमता अभिवृद्धि, प्राविधिक सेवा, टेवा, सीप विकास र सशक्तीकरण,

२ कृषक समूह, कृषि सहकारी र कृषि सम्बन्धी स्थानीय सङ्घ संस्थाहरूको समन्वय, व्यवस्थापन र नियमन,

३ कृषि सम्बन्धी प्रविधिको संरक्षण र हस्तान्तरण,

४ कृषि तथ्याङ्कको व्यवस्थापन र सूचना प्रणाली तथा कृषि सम्बन्धी सूचनाको प्रचारप्रसार,

५ कृषि स्रोत केन्द्रको स्थापना र व्यवस्थापन,

६ कृषिसम्बन्धी बिमा र कर्जा सहजीकरण ।

४.२ पशु सेवा उपशाखा

यस उपशाखाले आर्थिक विकास शाखा प्रति उत्तरदायी भई देहायका कार्यहरु कार्यान्वयन गर्नु÷गराउनु पर्नेछ ः

क नीति, कानुन, मापदण्ड र योजना तर्जुमा र कार्यान्वयन सम्बन्धी

१ पशुपालन र पशु स्वास्थ्य सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन ।

ख पशुपंक्षी तथा मत्स्य बजार, पूर्वाधार, सुविधा र आपुर्ति सम्बन्धी

१ पशुपन्छी बजार सूचना, हाटबजारको पूर्वाधार निर्माण,

२ पशु बधशाला, माछा पोखरी, शीत भण्डारणको व्यवस्थापन र नियमन,

३ स्थानीय चरन तथा खर्क विकास र व्यवस्थापन,

४ पशु आहारको गुणस्तर नियमन ।

ग सूचना, प्राविधिक सेवा तथा संस्थागत विकास सम्बन्धी

१ प्राविधिक टेवा तथा कृषक तालिम,

२ कृषक क्षमता विकास कार्यक्रमको सञ्चालन र नियमन,

३ पशुनक्ष्र सुधार पद्धति विकास र व्यबस्थापन,

४ स्थानीयस्तरमा पशुपन्छी सम्बन्धी तथ्याङ्कको व्यवस्थापन र सूचना प्रणाली ।

घ पशुपंक्षी चिकित्सा सम्बन्धी

१ पशुपन्छी चिकित्सा सेवाको व्यवस्थापन,

२ पशुपन्छीजन्य प्राकृतिक प्रकोप तथा महामारी रोगको नियन्त्रण,

३ पशुपन्छी सम्बन्धी बीमा र कर्जा सहजीकरण,

४ पशुपालन तथा पशु स्वास्थ्य सम्बन्धी अन्य कार्य ।

४.३ उद्योग तथा सहकारी व्यवस्थापन इकाई

यस इकाईले आर्थिक विकास शाखा प्रमुखप्रति उत्तरदायी भई देहायका कार्यहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्नु÷गराउनु पर्नेछः

क उद्योग तथा उद्यमशिलता विकास सम्बन्धी

१ लघु, घरेलु तथा साना उद्योगको दर्ता, नवीकरण, खारेजी र नियमन,

२ लघु, घरेलु तथा साना उद्योगको विकास र प्रवद्र्धन,

३ उद्यमशिलता प्रवद्र्धन,

